निर्णयहरु :

१. यस गाउँपालिकाको वडा स्तरिय योजना तर्जुमा गोष्ठि निम्नानुसारको मार्गदर्शनको आधारमा गर्ने निर्णय गरियो ।

- योजना कम्तिमा ३ लाखको बनाउने ।
- एक वस्ति एक योजना ।
- वडा स्तरिय/गाउँपालिका स्तरिय गौरवको योजनाहरु तय गर्ने ।
- वजेटिङ् गर्दा निम्नानुसारका क्षेत्रहरुलाई सम्बोधन हुने गरि गर्ने ।

क). **पूर्वाधार विकास : (५० प्रतिशत)**
- ✓ स्थानिय सडक
- ✓ पुल
- ✓ सिँचाई
- ✓ भवन
- ✓ विद्युतिकरण
- ✓ बैकल्पिक उर्जा
- ✓ सञ्चार

ख). **आर्थीक विकास : (२५ प्रतिशत)**
- ✓ कृषि
- ✓ पशु
- ✓ उद्योग तथा वाणिज्य
- ✓ पर्यटन

ग). **सामाजिक विकास : (१५ प्रतिशत)**
- ✓ शिक्षा
- ✓ स्वास्थ्य
- ✓ खानेपानी तथा सरसफाई
- ✓ संस्कृति प्रवर्द्धन
- ✓ खेलकुद तथा मनोरञ्जन
- ✓ लैगिक समानता तथा सामाजिक समावेशिकरण

घ). **वातावरण तथा विपद व्यवस्थापन : (५ प्रतिशत)**
- ✓ वन तथा भु-संरक्षण
- ✓ जलाधार संरक्षण
- ✓ वातावरण संरक्षण
- ✓ जलवायु परिवर्तन
- ✓ फोहोरमैला तथा ढल व्यवस्थापन

ङ). **संस्थागत विकास, सेवा प्रवाह र सुशासन : (५ प्रतिशत)**
- ✓ सामान्य सेवा
- ✓ सुरक्षा व्यवस्थापन
- ✓ सुचना प्रविधि
- ✓ पञ्जिकरण व्यवस्थापन
- ✓ स्थानिय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन
- ✓ सुशासन प्रवर्द्धन
- ✓ अनुसन्धान तथा विकास

Scanned by CamScanner

२. मर्स्याङ्दी गाउँपालिको गाउँसभाले आ.व. २०७४/७५ का लागि पारीत गरेको व्यवसाय कर तथा सवारी साधन कर उठाउन उद्योग वाणिज्य संघ, खुदी ईकाइ सँग सम्झौता गर्ने निर्णय गरियो । साथ उक्त सम्झौता कुल उठेको कर मध्ये ७५ प्रतिशत गाउँपालिकामा जम्मा हुने र २५ प्रतिशत उद्योग वाणिज्य संघ,खुद ईकाइलाई हस्तान्तरण हुने आधारमा गर्ने निर्णय गरियो ।

३. आ.व. २०७५/७६ को गाउँसभा यही मिति २०७५/०३/०९ गते गर्ने र सो कार्यक्रममा प्रदेश नम्बर ४ का माननिय मुख्य मन्त्रि पृथ्वी सुब्बा गुरुङलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गर्ने निर्णय गरियो ।

४. आ.व. २०७४/०७५ को सार्वजनिक सुनुवाई कार्यक्रम निम्न मिति र स्थानमा गर्ने निर्णय गरियो । साथै उक्त कार्यक्रम लमजुङ् मिडिया एक्सप्रेस प्रा.लि. सँग सम्झौता गरि गर्ने निर्णय गरियो ।

मिति २०७५ आषाढ २ गते शनिवार ।

स्थान : सामुदायिक भवन, भुलभले

५.मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ बस्ने पवित्रा परियारको छोरा कुपोषणबाट ग्रसीत भएकोले उपचारका लागि पोखरा जानका लागि असक्त,असाहय,विपन्न सहायता कोषबाट विनियोजन हुने गरि रु ६,०००।०० आर्थिक सहायता गर्ने निर्णय गरियो ।

६. मर्स्याङ्दी गाउँपालिका वडा नं. ३ बस्ने उमा नेपालीको डेलीभरीको क्रममा खुदी स्वास्थ्य चौकीमा भर्ना भएको र उक्त स्वास्थ्य चौकीमा डेलीभरी भै सकेपछि बच्चाको स्वास्थ्य अवस्था नाजुक भएर थप उपचारका लागि अन्यत्र लैजानु पर्ने भएको र अन्यत्र लैजानका लागि आर्थिक अवस्था अत्यन्त नाजुक भएकोले असक्त,असाहय,विपन्न सहायता कोषबाट विनियोजन हुने गरि रु ७,०००।- सहायता गर्ने निर्णय गरियो ।

७.मर्स्याङ्दी गाउँपालिकाको ९ वटै वडामा सञ्चालित वस्ति भेला तथा वडा गोष्ठिका लागि हरेक वडालाई रु.१५,०००।- का दरले विविध खर्चबाट चिया,पानी तथा खाजा खर्च उपलब्ध गराउने निर्णय गरियो ।

८.गाउँपालिका भित्रका विद्यालयहरुमा विद्यार्थीहरुलाई समेत पुग्ने गरि शैक्षिक क्यालेन्डर छपाई गरि वितरण गरिएकोमा उक्त छपाई खर्च गाउँपालकाबाट व्यहोर्ने निर्णय गरियो ।

९. सडक मर्मत सम्भार कार्यकर्ताहरु (सडक हेरालु ) को व्यवस्थापन निम्नानुसारले गर्ने निर्णय गरियो ।

- वडा अध्यक्षहरु द्धारा छनौट गर्ने अन्तिम मिति २०७५ जेष्ठ ३० गते ।
- १ दिने अभिमुखिकरण तालिम २०७५ आषाढ ५ गते । स्थान गा.पा.को हल ।
- दैनिक ज्यालादारीमा २०७५ आषाढ १० गते देखि लागु हुने गरी काममा लगाउने ।
- सिफारिश, नियमन, हाजिरी प्रमाणित वडा अध्यक्षहरु बाट गर्ने ।

१०.राजश्व परामर्श समितिका सदस्य श्री नन्दराम वि.क. जिल्ला समन्वय समितिको सदस्यमा प्रतिनिधित्व गर्नु भएकोले उहाँको रिक्त स्थानमा कार्यपालिका सदस्य श्री कृष्ण वि.क. लाई चयन गर्ने निर्णय ।

११. वडा नं. ९ को साँडा विद्युतिकरणका लागि वजेट व्यवस्थापन भएकोमा उक्त स्थानमा २ वटा मात्र घरहरु रहेका र विद्युतिकरण खर्चिलो हुने भएकोले कार्यालयले २ सेट सोलार खरिद गरि हस्तान्तरण गर्ने निर्णय गरियो ।

१२. गाउँसभाका सदस्य तथा कर्मचारीहरुलाई १/१ वटा अफिसियल व्याग खरिद गर्ने र उक्त वजेट कन्टेन्जेन्सी तर्फको प्राविधिक सामग्री तथा अन्य आवश्यक सामग्री खरिद खर्चमा विनियोजित रु ४,००,०००।०० मध्ये बाट विनियोजित गर्ने निर्णय गरियो ।

निर्णय अनुसार प्रमाणित । २०७५/०२/१८

Scanned by CamScanner